ISSN 2676–1297
Volume 8 Issue 15 April/May 2026

# *एक रात* कथामा अन्तर्विषयकता

**देवेन्द्र अर्याल 'आँसु'**
**उपप्राध्यापक**
**ग्रामीण आदर्श बहुमुखी क्याम्पस,काठमाडौं ।**
arl.deven@yahoo.com

*अध्ययनसार*

प्रस्तुत लेखमा विश्वेश्वरप्रसाद कोइरालाको *एक रात* कथामा प्रयुक्त अन्तर्विषयकताको अध्ययन गरिएको छ । कोइरालाको *श्वेतभैरवी* कथासङ्ग्रहमा सङ्कलित *एक रात* कथामा अन्तर्विषयकता कसरी अभिव्यक्त भएको छ भन्ने देखाउनु नै यस अनुसन्धानात्मक लेखको उद्देश्य हो । यसमा बाउर्लिनको अन्तर्विषयकतासम्बन्धी मान्यतालाई कृतिविश्लेषणको मुख्य आधार बनाइएको छ । कथाकार कोइरालाले किशोरमार्फत् *एक रात* कथामा राजनैतिक र मनोवैज्ञानिक अन्तर्विषयकतालाई उपयोग गरी आफू बाँचेको युगको शासकका विरुद्धमा क्रान्तिको आवाज उठाएका मात्र छैनन्, राजनैतिक परिवर्तनको आवश्यकतासमेत औँल्याएका छन् । यस लेखमा अन्तर्विषयकताको प्रयोगले कथाकार कोइरालाको *एक रात* कथा बौद्धिक, स्तरीय र बहुआयामिक बन्नपुगेको निष्कर्ष निकालिएको छ ।

**मुख्य शब्दावली** अन्तर्घुलन, ऐतिहासिक, निरङ्कुश, बलिदान, मनोद्वन्द्व ।

## विषयपरिचय

कथाकार विश्वेश्वरप्रसाद कोइराला (वि.सं.१९७१–२०३९) आधुनिक नेपाली कथा साहित्यमा मनोविज्ञानको सुरुवात गर्ने पहिलो कथाकार हुन् । *शारदा* मासिकमा *चन्द्रवदन* (१९९१) कथा प्रकाशित गरेर साहित्यमा प्रवेश गरेका उनी फ्रायडबाट प्रभावित कथाकार हुन् । उनका कथामा मनोविश्लेषणात्मक मान्यतालाई आधार बनाएर पात्रका मनमा अदृश्यरूपमा रहेका मनोभावनालाई प्रस्तुत गरिएको पाइन्छ । कुनै पनि पात्रको अचेतन र चेतन मनमा दमित इच्छा र कुण्ठाका कारण उत्पन्न हुने चारित्रिक द्वन्द्वलाई कथामा चित्रण गर्ने कथाकारका रूपमा कोइराला परिचित छन् । उनका *दोषी चश्मा* (२००६), श्वेतभैरवी (२०३९) जस्ता कथासङ्ग्रह *तीन घुम्ती* (२०२५), *नरेन्द्र दाइ* (२०२६), *सुम्निमा* (२०२७), *मोदिआइन* (२०३६), *हिटलर र यहुदी* (२०४३), *बाबु, आमा र छोरा* (२०४५) जस्ता उपन्यास, *जेल जर्नल* (२०५४), *विश्वेश्वरप्रसाद कोइरालाको आत्मवृतान्त* (२०५५), *सुन्दरीजल* (२०६३), *फेरी सुन्दरीजल* (२०६५) जस्ता संस्मरणात्मक कृति र *विश्वेश्वरप्रसाद कोइरालाका कविता* (२०५४) प्रकाशित छन् । कोइरालाको *एक रात* कथा अन्तर्विषयकताको दृष्टिले महत्त्वपूर्ण मानिन्छ । यसमा राजनैतिक अन्तर्विषयका रूपमा नेपालको तत्कालीन निरङ्कुश पञ्चायती अवस्थाको चित्रण पाइन्छ भने मनोवैज्ञानिक रूपमा किशोरको निडरता, वीरता देखेर हतोत्साहित भएका कमिस्नर, सुबेदार, डाक्टरजस्ता पात्रको मानसिक अवस्थालाई विश्लेषण गरिएको छ । यस कथाले नेपाली राजनैतिक इतिहासको एउटा कालखण्डको स्पष्ट चित्रण गरेको छ । यस लेखमा कोइरालाका यस कथालाई मनोविश्लेषणात्मक दृष्टिले व्याख्या विश्लेषण गरिएको छ ।

प्रस्तुत लेखमा विश्वेश्वरप्रसाद कोइरालाद्वारा लेखिएको *एक रात* (२०२०) कथाको अन्तर्विषयकताका आधारमा अध्ययन गरिएको छ । तसर्थ यहाँ *एक रात* कथालाई प्राथमिक सामग्रीका रूपमा उपयोग गरिएको छ । यस लेखमा अन्तर्विषयकतासम्बन्धी सैद्धान्तिक पर्याधारका लागि विभिन्न विद्वान्हरूद्वारा विभिन्न समालोचनात्मक ग्रन्थमा प्रस्तुत गरिएका विचार र समालोचनात्मक लेखहरूलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । अन्तर्विषयकताका व्याख्याता बाउर्लिनले प्रस्तुत गरेको अवधारणालाई आधार बनाई *एक रात* कथामा प्रयुक्त अन्तर्विषयकताको विश्लेषण गरिएकाले यो अध्ययनपत्र मुख्य रूपमा निगमन विधिमा आधारित छ र आवश्यकताअनुसार व्याख्याविश्लेषणात्मक एवम् वर्णनात्मक विधि पनि अवलम्बन गरिएको छ ।

**सैद्धान्तिक पर्याधार**

साहित्य लेखनका विविध विषय छन् । यसको अन्य विषयसँग सम्बद्ध जोडिएको हुन्छ । कुनै पनि साहित्यिक कृति, पाठ वा विषयमा अर्को पाठ वा विषय प्रवेश भएको हुन्छ । कुनै एउटा पाठभित्र अर्को विषयको पाठ मिसिएर आउनु नै अन्तर्विषयकता हो । यसलाई अङ्ग्रेजीमा इन्टरडिसिप्लिनरी भनिन्छ । साहित्य समालोचनामा सन् १९६० को दशकपछि उत्तरआधुनिक बहुलवादी कोणबाट साहित्यलाई हेर्ने सिद्धान्तका रूपमा अन्तर्विषयकताको विकास भएको मानिन्छ । इन्टरडिसिप्लिनरीले एकभन्दा बढी ज्ञानका क्षेत्रहरूको सम्बन्धित अध्ययनलाई बुझाउँछ । साहित्यमा प्रयोग हुनुपूर्व नै अन्तर्विषयकता शब्दको प्रयोग अरू नै विषयमा भइसकेको थियो (क्लेइन, सन् १९९०, पृ. ३७) । अन्तर्विषयकतामा कुनै पनि विषयवस्तुलाई बहुआयामिक ढङ्गबाट हेरिन्छ । परम्पगरागत सोचाइ, बासी, असान्दर्भिक र जडवत् निषेध बन्दै गएको आजको समयमा अन्तर्विषयकता प्रसिद्ध प्राज्ञिक शब्दका रूपमा देखापरेको छ र त्यसपछि विषयकता साँघुरो हुन थालेको छ (फ्र्याङ्क, सन् १९८८, पृ. १००) । त्यसैले, अन्तर्विषयकता विभिन्न विषयहरूलाई एकै ठाउँमा ल्याएर जोड्ने संयोजक सिद्धान्त हो । यसले अन्य विषयका धेरै पक्षहरूलाई समेट्दै, तिनलाई छुट्याउँदै र फेरि जोड्दै समन्वयकारी भूमिका खेल्छ (फ्र्याङ्क, सन् १९८८, पृ.१००) । अन्तर्विषयकताले बहुल विषयको अपेक्षा गर्दछ र जसअन्तर्गत बहुविषयको अध्ययन हुने गर्दछ ।

अन्तर्विषयकता नेपाली साहित्यमा पछिल्लो समय विकसित भएको साहित्य सिद्धान्त हो । साहित्यमा संस्कृति, विज्ञान, मिथक, प्रविधि, सञ्चार, इतिहास, मनोविज्ञान, समाजशास्त्र आदि विभिन्न विषयको प्रविष्टि बढेको छ । अन्तर्विषयकता उत्तरआधुनिकतावादी बहुलवादी दृष्टिकोण हो । त्यसैले यसको अध्ययनका लागि बहुलताको अध्ययन आवश्यक पर्दछ । आधुनिक साहित्यको देन मानिएको विषयकता भन्नाले एउटै विषयमा केन्द्रित, निर्दिष्ट, निश्चित विषय वा नैतिक परम्परा भन्ने बुझिन्छ भने अन्तर्विषयकता एउटा विषयमा मात्र सीमित नरही व्यापक रूपमा फैलिएको हुन्छ । ज्ञान र शक्तिका बिचको सम्बन्धका बारेमा उठ्ने प्रश्न विषयकता हो भने धेरै विषयहरूको परस्पर अन्तर्घुलन अन्तर्विषयकता हो (मोरान, सन् २००२, पृ. १) साहित्यले साहित्यबाहेकका अन्य विषयहरूलाई पनि ग्रहण गरेको हुन्छ । यसरी अन्य विषयहरूलाई ग्रहण गर्दा अन्तर्विषयकता सिर्जना हुन्छ । अन्तर्विषयक कृति वा रचनाको विश्लेषण गर्दा समालोचकमा सम्बन्धित क्षेत्रको ज्ञान हुनु अत्यावश्यक मानिन्छ । साहित्येतर विषयलाई साहित्यमा समावेश गर्नु अन्तर्विषयकता हो र यो साहित्यभन्दा इतर विषयको अध्ययन विश्लेषण गर्ने सैद्धान्तिक अवधारणा पनि हो (बाउर्लिन, सन् १९९७, पृ. ७८) । साहित्यमा अन्तर्विषकताको प्रयोग बढ्दै जाँदा यसको क्षेत्र र आयाम पनि व्यापक बन्दै गएको छ ।

अन्तर्विषयकताभित्र खासगरी एक वा अनेक विषयको प्रविष्टि हुन्छ । खासगरी पश्चिमी समालोचना विभिन्न किसिमका दर्शन, राजनीति, अर्थशास्त्र, विज्ञान, मनोविज्ञान, जीवविज्ञान, भाषाविज्ञान आदि ज्ञानका अनेक शाखाका आडमा नवीनता अँगालेर अगाडि बढेको देखिन्छ र यसै सन्दर्भमा अन्तर्विषयक बहुलवादी पठन साहित्यको अध्ययन पद्धतिको प्रमुख आधार बन्न पुगेको छ (गौतम, २०५९, पृ. ४५४) र यो नेपाली साहित्य समालोचनामा पनि प्रभावकारी रूपमा आएको छ । अन्तर्विषयक पठनले पाठमा अन्तर्विषयहरूका आधारमा अर्थको खोजी गर्ने र अर्थको निर्धारण गर्ने प्रारूप दिन्छ । त्यसैले साहित्यमा अन्तर्विषयक पठन विषयान्तरको खोजी पनि हो । ज्ञानका विविध शाखाहरू इतिहास, मनोविज्ञान, दर्शन, समाजशास्त्र, संस्कृति, राजनीति, अर्थशास्त्र, पर्यावरण, मिथक, आद्यरूप, नीतिशास्त्र, धर्म, प्रविधि, आमसञ्चार, भाषाशास्त्र आदि साहित्यका विषयवस्तुमा अन्तर्निहित भएर आएको छ भने त्यस्तो साहित्यलाई अन्तर्विषयकता भनिन्छ (अधिकारी, २०७७, पृ. ९४) । यसरी साहित्येतर विषयको प्रयोग भएको साहित्यलाई अध्ययनविश्लेषण गर्ने विधि वा पद्धतिलाई अन्तर्विषयक सिद्धान्त भनिन्छ ।

कुनै पनि कृति, पाठ, रचनालाई अन्तर्विषयकताका आधारमा कृतिको विश्लेषण गर्ने शास्त्र नै अन्तर्विषयक समालोचना हो । कुनै पनि कृतिमा अन्तर्निहित विषयलाई अन्य विषयहरूसँग सम्बद्ध गरेर अध्ययन तथा विश्लेषण गर्नु अन्तर्विषयक समालोचना हो । साहित्यको विमर्श, मूल्याङ्कन, व्याख्याका लागि साहित्येत्तर ज्ञानका विषयहरूबाट उपयोगी हुने सिद्धान्त, अवधारणा र पद्धति ल्याएर एकीकृत रूपमा नवीन निष्कर्षमा पुग्ने प्रक्रिया नै अन्तर्विषयक समालोचना हो ( एटम, २०७०, पृ. ७) । समग्रमा बहुल विचार र चिन्तनहरूको पारस्परिक आदानप्रदान नै अन्तर्विषयकता हो । रोलाँ बार्थले प्रत्येक पाठ एउटा अन्तर्पाठ हो भन्ने धारणा प्रस्तुत गरेका छन् भने माइकल डोट्रेलले हरेक साहित्यिक सृजनामा

कुनै न कुनै रूपमा अन्य विषयको प्रवेश हुन्छ भन्ने कुरा बताएका छन् । आजको ज्ञान एकाङ्गी र रेखीय छैन, मिश्रित र अन्तर्विषयक छ। अन्तर्विषयक अध्ययन बीसौँ शताब्दीको आधुनिक समालोचनात्मक पर्याधार भएको बहुलवादी अध्ययन पद्धति हो । जसलाई उत्तरआधुनिक समालोचना पद्धतिका रूपमा पनि हेरिएको पाइन्छ ।

**_एक रात_ कथाको कथासार**

*एक रात* कथा कथाकार विश्वेश्वरप्रसाद कोइरालाद्वारा लेखिएको र *श्वेतभैरवी* (२०६४) कथासङ्ग्रहमा सङ्कलित कथा हो । यस कथालाई निरङ्कुश पञ्चायती शासन परिवेशमा लेखिएको कथाका रूपमा लिन सकिन्छ । कोइरालाको यस कथामा झिनो कथानक रहेको छ भने यो कथा चरित्रप्रधान कथा हो । यस कथाको प्रमुख पात्र किशोर हो । जो समाजमा परिवर्तन ल्याउन चाहन्छ । जो तानाशाही पञ्चायती शासकका बिरुद्ध बम फ्याँकेको आरोपमा जेल पर्दछ। उसलाई जुन रात फाँसी दिइन्छ। यो कथा त्यसै रातको परिवेशमा संरचित कथा हो । किशोरलाई एक रात बिताउन लागेको समयमा तिम्रो अन्तिम इच्छा के छ ? भनी प्रश्न गर्दा त्यसको प्रत्युत्तरमा किशोरले युवाको मानमर्यादा सुख, शान्ति र आनन्द प्राप्त होस् भन्ने कामनाका साथ देश, जनता र प्रजातन्त्रका लागि आफ्नो कर्तव्य पूरा गर्ने उत्तर दिन्छ। ऊ त्यस रात आफ्नो अतीतलाई स्मरण गर्दै मृत्युलाई पर्खेर बसेको हुन्छ। प्रजातन्त्र प्राप्तिका लागि पञ्चायतको विरोध कार्यक्रममा सरिक हुँदा बम हान्ने समेत काम गर्दछ । यही आरोपमा ऊ मृत्युदण्डको सजायँ भोग्न पुग्दछ तर ऊ मृत्युदण्डको सजायँ भोग्न कति पनि हिच्किचाउँदैन तर उसको निडर र निर्भीक स्वभाव देखेर तानाशाहहरू अत्तालिन्छन् । उसलाई शिक्षाप्रेमी, कर्तव्यपरायण, तानाशाहविरुद्ध बम प्रहार गर्ने, बहादुर र क्रान्तिकारी व्यक्तिका रूपमा लिन सकिन्छ। ऊ देश र जनताको मुक्ति र स्वतन्त्रताका लागि फाँसीमा झुन्डिन तयार भएको देशभक्त पात्र हो । किशोरको निडरता देखेर डाक्टर, सुबेदार र कमिस्नर पनि हतोत्साहित बन्न पुगेका छन्, उनीहरूको मनोवैज्ञानिक चित्रणले उक्त कुराको पुष्टि गर्दछ । स्वतन्त्रता, समानता, प्रजातन्त्र र अधिकारका लागि फाँसीमा झुन्डिन तयार भएको किशोरको त्याग र वलिदानीको कथाका रूपमा कोइरालाको *एक रात* कथालाई लिन सकिन्छ।

विश्वेश्वरप्रसाद कोइरालाद्वारा लेखिएको *एक रात* कथामा नेपालको राजनैतिक परिवर्तनका लागि किशोरले गरेको त्याग र समर्पणको भावलाई उच्चरूपमा प्रस्तुत गरिएको छ । बम प्रहार गरेको आरोपमा पक्राउ परेको युवकलाई आत्मसमर्पण गर्न राज्यपक्षले कर गर्दा आत्मसमर्पण नगर्ने बरु जीवनोत्सर्ग गर्ने उसको प्रत्युत्तरमा देश र जनताप्रतिको उच्च सम्मान र भावना पाइन्छ। यस कथामा किशोरमा उच्च मनोब्ल पाइन्छ भने निरङ्कुश पञ्चायती शासनको घोर विरोधको चित्रण पनि पाइएकोले यस कथामा मनोविज्ञान र राजनैतिक अन्तर्विषयकता दुवै मिश्रित भएको पाउन सकिन्छ। यस अध्ययनमा भने राजनीति र मनोविज्ञान दुईओटा अन्तर्विषयकतालाई मात्र अध्ययनको आधार बनाइएको छ । अन्तर्विषयकताका व्याख्याता बाउर्लिनले प्रस्तुत गरेको अवधारणालाई आधार बनाई *एक रात* कथामा प्रयुक्त अन्तर्विषयकताको विश्लेषण गरिएकाले यो अध्ययनपत्र मुख्य रूपमा निगमन विधिमा आधारित छ र आवश्यकताअनुसार व्याख्याविश्लेषणात्मक एवम् वर्णनात्मक विधि पनि अवलम्बन गरिएको छ। यसरी प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको भएकाले सङ्कलित सामग्रीको अर्थापनका लागि मुख्यरूपमा पाठविश्लेषण पद्धति अपनाइएको छ । विश्वेश्वरप्रसाद कोइरालाको *एक रात* कथामा पाइने मनोविज्ञानपरक र राजनीतिपरक अन्तर्विषयकताको विश्लेषण यस प्रकार छ :

**_एक रात_ कथामा मनोविज्ञानपरक अन्तर्विषयकता**

साहित्यमा मनोविज्ञानको प्रयोग गरियो भने मनोविज्ञानपरक अन्तर्विषयकता हुन्छ। यही अन्तर्विषयकताको खोजी नै अन्तर्विषयक पठन हो । विश्वेश्वरप्रसाद कोइरालाको *एक रात* कथामा फ्रायडको मानसिक अन्तर्द्वन्द्वको सिद्धान्त प्रयोग भएको पाइन्छ। *एक रात* कथामा किशोरको मनको द्वन्द्वात्मक स्थिति र कमिश्नर, सुबेदार, हवलदार र डाक्टरको मनमा किशोरलाई फाँसी दिएपछिको मानसिकताको विश्लेषण र ती पात्रमा अन्तर्निहित मनोद्वन्द्वको चरम प्रभाव निम्नानुसारका घटनाबाट स्पष्ट हुन्छ :

> *सुबेदारलाई पटक्कै निद्रा लाग्दैन । आँखा टुलुटुलु हेरेर धेरै बेरसम्म बिछ्यौनामा सुतिरह्यो ऊ ।*
> *शरीर थोकेको त थियो तर निद्रा भने पटक्क छैन । उसले देख्यो, अर्को खाटमा हवलदार पनि चटपटाइरहेको छ । उसले भन्यो हवलदार, निद्रा लागेन ?*

*हवलदारले भन्यो मरे निद्रा आउँदैन ।*
*सुबेदार उठ्यो र भन्यो सिगरेट झिक्न ।*
*हवलदार पनि उठेर बस्यो र तकियातलबाट सिगरेटको डब्बा झिक्दै भन्यो आखिरी याममा मानिसको दृष्टि आकाशतिर हुँदो रहेछ*। (पृ. ३७)

कथाको मुख्यपात्र किशोरलाई फाँसी दिएपछि सुबेदार, हवल्दारमा आएको मानसिक विचलनको अवस्थालाई माथिको कथांशबाट सहज रूपमा बुझ्न सकिन्छ । उनीहरू निदाउन सकेका छैनन् किनभने फाँसी दिने कार्यले गर्दा उनीहरूमा उक्त अवस्थाको सृजना भएको देखिन्छ । छटपटी, बेचैन, चिन्ता, विभिन्न प्रकारका सोचाइ पनि उनीहरूका मनमा बढेको छ । किशोरलाई फाँसी दिएपछिका अन्य क्रियाकलाप र त्यसबाट उत्पन्न विषम परिवेशबाट सुबेदार र हवल्दारको मानसिक अवस्था र मनोद्वन्द्वको चरमस्थिति सहजरूपमा बोध हुन्छः *सुबेदारले सिगरेट सल्काउँदै भन्यो मेरो एउटा छोरो ठिक्क त्यस्तै छ । ठिक्क..हवलदारले सिगरेट तान्दै भन्यो मेरो भाइ पनि गाउँमा ठीक त्यस्तै छ चञ्चल, हँसिलो..।* ( पृ.३७) यस साक्ष्यबाट हवल्दार र सुबेदारको मनमा जुन भाव पैदा भएको छ उनीहरूले त्यसलाई आफ्नो छोरो र भाइसँग तुलना गरेका छन् । त्यो किशोरलाई उनीहरूले आफ्नो छोरो र भाइसँग तुलना गर्नु नै यस कथांशमा उनीहरूको मानसिक अवस्था र मनोवैज्ञानिक असरको प्रतीत हुन्छ। पात्रको मानसिकताको चिन्तनमूलक विश्लेषण र युवकको मनको द्वन्द्वात्मक विम्बचित्र ज्यादै प्रभावपूर्ण देखिएको छ। किशोरलाई मृत्युदण्ड दिएपश्चात डाक्टर, सुबेदार, पुलिस सबैको मानसिकता र मनोद्वन्द्वको अवस्थालाई कथाशंमा यसप्रकार प्रस्तुत गरिएको छ ः

*कर्णेललाई उनले सबै वृत्तान्त भनेर उनी घर आए । आउनेबित्तिकै सोझै पूजाकोठामा गए । ढोकैबाट पूजा गर्ने गरेको मूर्तिलाई हेरे ।..उनी मग्न भएर एकछिन हात जोडेर उभिरहे ।...अनि आफ्नो छोराको कोठामा गए । ऊ उत्तानो परेर सुतेको थियो । कमिश्नरले धेरै बेरसम्म उसको मुख हेरिरहे । अनि बिस्तारै गएर उसलाई छोए । कमिश्नरले ओढ्ने उसमाथि राम्ररी ओढाइदिए ।* (पृ. ३८)

प्रस्तुत कथांशमा किशोरलाई फाँसी दिएपछि घरपुगेको कमिश्नरको मनमा विभिन्न भावहरू उत्पन्न भएका छन् । घरपुग्नासाथ सोझै पूजाकोठामा गएर भगवान्को मूर्तिलाई हेरेर हात जोडेर उभिएको घटनाबाट आफूले गरेको कार्यप्रति प्रायश्चित गरेको अनुमान गर्न सकिन्छ। त्यसपछि छोराको कोठामा गएर छोरालाई हेर्नु, बिस्तारै गएर उसलाई छुनु र ओढ्ने ओढाइदिनु जस्ता घटनाले आफ्ना पूर्वकार्य वा किशोरलाई फाँसी दिएको घटनाप्रति कमिश्नरलाई पश्चाताप भएको बोध गर्न सकिन्छ। त्यस घटनाबाट उसको मनमा कुनै पनि चैन नभएको पुष्टि हुन्छ। युवक र छोरालाई नजिकबाट हेर्नुमा त्यो किशोर र मेरो छोरामा केही पनि अन्तर छैन भन्ने मनोवैज्ञानिक भाव जागृत भएको छ। छोरालाई नजिकै गएर हेर्नु र छुनुलाई आफ्नो छोराको अवस्थाप्रतिको गहन चिन्ताभावका रूपमा बुझ्न सकिन्छ । आफ्नै छोराजस्तो उमेरको किशोरलाई फाँसी दिएको घटनाले उसको मनमा चोट पुगेको छ । यहाँ किशोरको पतन, बध वा मृत्युले कमिस्नरको मनोवैज्ञानिक अवस्थामा विचलन उत्पन्न गराएको छ । किशोरलाई फाँसी दिनेकाममा संलग्न डाक्टरको मानसिकता र मनोद्वन्द्वको स्थितिलाई देखाउने एउटा कथांशको प्रतिनिधिमूलक पठन यसप्रकार छः

*उता डाक्टर कमिश्नरको जीपमा आफ्नो घरमा फर्केर आयो । उसको शरीर लुगलुग काँपिरहेको थियो, लाग्यो, कस्तो जाडो आज राति । ऊ बिस्तारै आफ्नो कोठामा पस्यो । दुलही बिछ्यौनामा सुतिरहेकी थिई । उसले आफ्नो लुगा फुकाल्यो र बाथरुममा गएर हात धुन थाल्यो । धाराको शब्दले दुलहीको निद्रा टुट्यो । उसले भनी यति अबेर के गरेको ? कहाँ गएका थियौ ?*

*डाक्टर सुत्ने कोठामा आएर बिछ्यौनामा पस्यो । दुलहीले सरेर उसलाई ठाउँ बनाइदी । उसको देहसँग टाँस्सिदा उसले भनी कस्तो चिसो शरीर तिम्रो ?*

*डाक्टर नबोली धरिनितिर हेरेर बस्यो । दुलहीले भनी –किन नसुतेको ?*

*र एकछिन डाक्टरको अनौठो व्यवहार देखेर फेरी भनी–के भो हँ तिमीलाई ? कहाँ गएका थियौ भन । भन, भन न ।*

*डाक्टरले सुस्तरी भन्यो–नभन्नू है–मेरो मासु खाने, छोराहरूलाई । त्यही ठिटोलाई फाँसी दिलाउन जानुपरेको थियो । नभनेस् है, छोराहरूलाई* (पृ.३७–३८) ।

प्रस्तुत कथांशमा किशोरलाई मृत्युदण्ड दिएपश्चात् डाक्टरको हतास मानसिकता प्रकट भएको छ । जाडो नभए पनि ऊ लुगलुग कामेको छ र उसको शरीर चिसो भएको छ । ऊ नबोली धरितितिर मात्र हेरेर बसेको छ । त्यसले उसको हतास र डराएको मानसिक अवस्था बुझ्न सकिन्छ । किशोरलाई फाँसी दिएको दिन उसमा अनौठो व्यवहार देखिनु, निद्रा नआउनु र छोराहरूलाई आफू उक्त किशोरलाई मृत्युदण्ड दिन गएको नभन्नु भनेर श्रीमतीलाई कसम खुवाउनुबाट पनि उसको द्वन्द्वात्मक मानसिकता पुष्टि हुन्छ । यस प्रकार *एक रात* कथामा विभिन्न पात्रमा मनोवैज्ञानिक अन्तर्विषयकता पाइन्छ । त्यस्तै यस कथाको मनोवैज्ञानिक पठनभित्र पुरुषमनोविज्ञान सबल र मनोवैज्ञानिक अन्तर्विषयकता घनिभूत भएको पुष्टि हुन्छ ।

**_एक रात_ कथामा राजनीतिपरक अन्तर्विषयकता**

राजनीति अन्य विषयजस्तै साहित्येतर विषय हो । राजनीतिका आधारमा साहित्यलाई हेरियो भने वा राजनीतिशास्त्रका आधारमा विश्लेषण गरियो भने त्यो राजनीतिपरक अन्तर्विषयकता हुन्छ । राजनीतिक विषय साहित्यमा प्रवेश पाई त्यो साहित्यमा अन्तर्गर्भित हुँदा साहित्यिक रचनामा राजनीतिक अन्तर्विषयकता निर्माण हुन पुग्दछ । यसरी साहित्यिक कृतिमा राजनीतिको प्रवेश भएपछि त्यो राजनीतिपरक अन्तर्विषयक पठन हुन्छ र त्यसबाट साहित्य र राजनीतिसँगको पारस्परिक र व्यतिरेक सम्बन्ध पनि बुझ्न सकिन्छ ।

*एक रात* कथा राजनैतिक विषयवस्तुसँग सम्बन्धित नेपालको पञ्चायती राज्यव्यवस्थाको विरुद्धमा लेखिएको कथा हो । यसमा किशोरले तत्कालीन राज्यव्यवस्थाको विरोध र दमनका विरुद्ध जुन कदम चालेको छ, त्यसलाई राजनैतिक विषय भनिन्छ । त्यसैले यस कथामा नेपालको राजनैतिक क्षेत्रमा देखिएको बेथिति र विसङ्गति प्रमुख अन्तर्वस्तुका रूपमा प्रकट भएको पाइन्छ । कथामा तिनै बेथिति, विसङ्गतिप्रतिका अभिव्यक्तिहरू राजनीतिक अन्तर्विषयकताका रूपमा यसरी प्रस्तुत भएका छन्ः

> *यही बमकाण्डभन्दा केही दिन पहिलेको कुरा । कलेजमा क्रान्तिकारी गोष्ठीले बम फ्याँकेर तानाशाहलाई अत्याउनुपर्छ र चेतावनी दिनुपर्छ भन्ने निर्णय गरेको थियो र किशोरले स्वेच्छाले यो काम आफ्नो जिम्मामा लिएको थियो । त्यसपछि बम लिएर घर आएको थियो ऊ*। (पृ.३२)

*एक रात* कथाको किशोरको उक्त कदमलाई राजनीतिको उच्च कदम वा विषयका रूपमा लिन सकिन्छ । चेतावनी दिन वा तानाशाहलाई अत्याउन भए पनि बम प्रहार गर्नुपर्ने र उक्त कार्यका लागि किशोरले स्वेच्छाले जिम्मा लिएको घटनाबाट राजनैतिक प्रतिबद्धता र जिम्मेवारीको बोध हुन्छ । यस कथांशमा पुरानो हुकुमी शासन व्यवस्थाको अन्त्यका लागि विद्यार्थीहरूको उत्साह, संघसङ्गठनको स्थापना, राजनीतिक छलफल, बहस राजनैतिक अन्तर्विषयकका रूपमा प्रस्तुत भएको पाउन सकिन्छः

> *कहिले किशोर फेरि तस्वीर हेरेको जस्तो मनको चिसो आँखाले कलेजका साथीहरूलाई हेर्न थाल्यो । उसले विदेशमा पनि कलेज पढ्ने विद्यार्थीहरूको एउटा संघ बनाएको थियो जहाँ नाना विषयमा छलफल हुन्थे–प्रजातन्त्र, मार्क्सवाद, स्वतन्त्रता, समाज र व्यक्ति आदि विषयहरूमा । र सबै विद्यार्थीहरू युवकको उत्साहमा आफ्ना आफ्ना मतमा अडिग भएर बहस गर्थे, तर सबैको हृदयमा नेपाललाई उन्नतिको आधुनिक बाटोमा लग्ने इच्छा थियो र सबै नेपालको पुरानो व्यवस्था र हुकुमी शासनको अन्त्य चाहन्थे* (पृ. ३३) ।

यस कथाशंमा नेपालको राजनैतिक क्षेत्रमा देखिएको बेथिति र विसङ्गति प्रमुख अन्तर्वस्तुका रूपमा आएको पाइन्छ । यस्ता बेथितिप्रतिका अभिव्यक्ति राजनीतिक अन्तर्विषयकताका रूपमा प्रस्तुत भएका छन् भने विद्यार्थीहरूको राजनीतिक संघमा सम्बद्धता र विभिन्न विषयमा भएको छलफललाई थप राजनीतिक सन्दर्भका रूपमा लिन सकिन्छ । त्यस्तै, युवकको एकमात्र चाहनाका रूपमा नेपालको पुरानो र हुकुमी राणा शासनको अन्त्य गर्ने चाहना राजनैतिक विषयवस्तुसँग जोडिएर आएको छ । किशोरको उक्त राजनैतिक प्रतिवद्धता नै राजनैतिक अन्तर्विषयकताका रूपमा प्रस्तुत भएको छ । किशोरले आफ्नो प्राणाहुति दिएको घटना नेपालको राजनैतिक इतिहाससँग प्रत्यक्षरूपमा जोडिएको विषय पनि हो ।

> *यहाँ त धेरै दिनदेखि पर्खिएको मृत्यु हो यो झन दरबारबाट मृत्युदण्डको पुष्टि भएपछि आज हुन्छ, भोलि हुन्छ भन्दै औँलामा दिन गन्दै मृत्युलाई पर्खेर बसेको । कालगतिको नियमबाट आएन यो, न अकस्मात् नै आयो । यहाँ*

*त धेरै आयोजना भए थानामा, प्राइवेट न्याय गोष्ठीमा, दरबारमा खूब छलफल भए, ऐनको ठेलीबाट निकै दफा झिकेर न्यायको व्याख्या भयो र अहिले पनि मृत्युका लागि यो बृहत् आयोजना समाप्त भैसकेको छैन बाँकी रहेको कागजमा अफिसरको दस्तखत पर्दै होला, अन्तिम अर्डरहरू लेखिँदै होलान् खुकुरीमा सान लगाइँदै होला, या डोरी, तख्ताको व्यवस्था मिलाइँदै होला तर तैपनि मृत्यु त हठात् नै छ र छैनका बीच केवल आधा सास मुटुको केवल आधा चडकाइ* (पृ.२९–३०)।

प्रस्तुत कथांशमा राजनीति विषय प्रमुख भएर आएको छ। मनोवज्ञानिक शैलीको प्रयोग गरी लेखिएको यस कथामा नेपालको निरङ्कुश शासनसत्ताको विरोध गर्दा ज्यानको आहुति दिनुपरेको घटनालाई चित्रण गरिएको छ। सत्ताको विरोध गर्नेको हालत किशोरको झैं हुने गर्दछ भन्ने कुरालाई उपर्युक्त कथनबाट प्रष्ट पारिएको छ। कथामा प्रयुक्त यस्ता प्रसङ्गले प्रजातन्त्र र अधिकार निरङ्कुश शासकद्वारा निषेध गरेको स्पष्ट हुन्छ। जसले पञ्चायती शासन व्यवस्थातर्फ प्रत्यक्षरूपमा सङ्केत गरेको छ। सहिदहरूप्रति आस्था प्रकट गर्ने र पञ्चायतकालमा जनपक्षीय आवाज उठाउने युवकको बलिदानी स्वभावको सम्झना गराउने यस कथामा कथाकारले किशोर युवकका मानसिक अवस्थाको चित्रण गरेका मात्र होइनन्, लोकतन्त्रको सर्वमान्य भावनालाई दमन गर्ने तत्कालीन निरङ्कुश र कठोर राज्यव्यवस्थालाई अन्त्य गर्ने आफ्नो अन्तर्चाहनालाई पनि कथामार्फत् प्रकट गरेका छन् । जसलाई यस कथामा ऐतिहासिक अन्तर्विषयकताका रूपमा समेत लिन सकिन्छ।

कथाकारले किशोरको साहसिक क्रियाकलापको वर्णन गर्दै समस्त युवावर्गमा हिम्मत र जोश भरी तत्कालीन अन्याय, अत्याचार, शोषण र दमनका विरुद्ध वीरत्वको भावनाले एक हुन आह्वानसमेत गरिएको पाइन्छ । शासकले आफ्नो अगाडि आत्मसमर्पण गर्न लगाउनु, अन्तिम इच्छा के छ ? भनी सोध्नु, किशोरले जनता र देशका लागि बलिदान दिन तयार हुनु, आत्मसमर्पण नगर्नु आदि अवस्थाले पञ्चायती निरङ्कुश शासन व्यवस्थाको विरुद्धमा खडा भएको राजनैतिक पृष्ठभूमि झर्लङ्ग हुन्छ। नेपालको तत्कालीन राजनीतिक घटनाक्रम र दुर्गानन्द झालाई मृत्युदण्ड दिइएको सन्दर्भलाई हेर्ने हो भने *एक रात* कथाको पात्र किशोरमा दुर्गानन्द झाकै प्रतिबिम्ब पाउन सकिन्छ। इतिहासको यो कालखण्डमा *एक रात* कथा किशोर युवकको मनको कथा मात्र होइन, प्रजातन्त्रको सर्वमान्य चाहनालाई दमन गर्ने तत्कालीन व्यवस्थालाई अन्त्य गर्ने चाहनाको अभिव्यक्ति पनि हो । दुर्गानन्द झा वि.सं.२०१८ माघ ९ गते तत्कालीन राजाको गाडीमा बम प्रहार गर्ने घटनामा सम्बद्ध भनी वि.सं.२०१९ भाद्र १९ गते मृत्युदण्ड घोषणा गरिएका व्यक्ति हुन्, जसलाई वि.सं.२०२० माघ १५ गते गोली हानी हत्या गरिएको थियो । यसरी दुर्गानन्द झाको हत्या गरिएको सात आठ दिनमा माघ २३ र २४ गते सुन्दरीजल जेलमा कोइरालाले *एक रात* कथा लेखेको देखिन्छ। यसबाट *एक रात* कथाको नायक किशोरलाई सहिद झाकै प्रतिबिम्बका रूपमा कथाकारले प्रस्तुत गरेबाट यो राजनैतिक ऐतिहासिक अन्तर्विषयकता भएको कथा हो भन्न सकिन्छ। अन्याय, अत्याचारको विरोध गर्ने र अधिकारका लागि लड्ने जीवनको बलिदानी दिने तर आत्मसमर्पण नगर्ने प्रसङ्ग यस कथामा आएबाट नेपाली वीर स्वाभीमानी समग्र नेपाली जातिको सङ्केत पनि प्रतिकात्मकरूपमा प्रस्तुत भएको छ। देश र जनताले पञ्चायती निरङ्कुश शासन भोगिरहेको र त्यसबाट छुटकारा दिलाउन किशोरले चालेको कदमलाई कथाकारको राजनैतिक व्यक्तित्वसँग पनि दाँजेर हेर्न सकिन्छ । नेपाली युवामा बढेको राजनीतिक चेतना स्तरलाई पनि राजनैतिक अन्तर्विषयताका रूपमा लिन सकिन्छ। कथामा किशोरको आफ्नो भाइले दाजुको बाटो पछ्याउने प्रतिबद्धता जाहेर गरेको प्रसङ्गबाट कथाकारको राजनैतिक मार्गलाई अन्यले पनि पछ्याएको बुझिन्छ। *सानो भाइले पनि विद्यालयमा प्रजातन्त्र र राजनीतिका कुरा गर्दो हो र मलाई नै सम्झेर आँसु पुछ्दो हो* भन्ने विषय पनि राजनीतिक विषयसँग जोडिएको पाइन्छ। यसमा भाइको राजनीतिप्रतिको झुकाव र मोह दुवै झल्किएको यस कथांशमा पाउन सकिन्छः

*सानो भाइ आफ्नो स्कूलमा राजनीतिका कुरा गर्दो हो र भन्दो हो नेपालमा प्रजातन्त्र ल्याउनुपर्छ। अनि एक्लै भएको बखतमा मलाई सम्झिँदो हो र शायद साथीहरूले नदेख्ने गरी तकियामा मुन्टो गाडेर आँसुलाई पुछ्दो हो। मेरो राजनीतिक इतिहासका मोटामोटा किताबलाई पल्टाएर भन्थ्यो दाइ, म कहिले पढ्छु यिनलाई* (पृ. ३०)।

पञ्चायती राज्य व्यवस्थाको विरोध गरेको र प्राणाहुति दिएको प्रसङ्गलाई नेपालको राजनैतिक र ऐतिहासिक परिवर्तनसँग पनि जोडेर विश्लेषण गर्न सकिन्छ। कथाको मुख्य पात्र किशोरमा उच्च राजनैतिक चेतना भएका कारण ऊ व्यवस्था परिवर्तन गर्न चाहन्छ। जसका कारण किशोर बम फ्याँकेको आरोपमा पक्राउ परेको छ। उसले देशको असैह्य

अबस्थाका विरुद्ध बम फ्याँकेको स्वीकार गरेको छ। बम प्रहार अनिवार्य भएको र त्यसबाट कसैको हत्या भए पनि त्यो जनताको हकअधिकारका लागि भएको भन्ने युवकको विचारमा राजनैतिक प्रतिबद्धता र जिम्मेवारी देखिन्छ भने पुलिसले केरकार गर्दा किशोरले दिएको प्रत्युत्तरबाट उसको क्रान्तिकारी राजनैतिक दृष्टान्तसमेत स्पष्ट हुन्छ : *उसलाई पुलिसले केर्दा या न्याय गोष्ठीमा सोध्दा उसले एकनाससँग भनेको थियो–मैले फ्याँकेको हो बम । तर हत्याका लागि होइन, चेताबनीका लागि कि युवकलाई स्थिति असैह्य हुन लागिरहेको छ । तर हत्या हुन गएको भए त्यो अनिवार्य थियो, जनताका अधिकारका लागि*। (पृ.३४)

कथाकार कोइरालाको *एक रात* कथाको प्रमुख पात्र र नेपाली राजनीतिका दुर्गानन्द झाको राजनैतिक व्यक्तित्व एवम् कथाकार स्वयम्को राजनैतिक व्यक्तित्व पनि मेल खाएको पाइन्छ। कोइराला पनि व्यवस्थाको विरोधमा जेल परेको र कथाको मुख्य पात्र किशोर पनि बम फ्याँकेको आरोपमा जेल परेको घटनाबाट *एक रात* कथाको पात्र किशोर र कथाकार कोइरालाको राजनैतिक अन्तर्विषयवस्तुमा पनि समानता रहेको पाउन सकिन्छ। त्यसैले *एक रात* कथामा राजनीतिपरक अन्तर्विषयक पठनीयता इतिहाससापेक्ष भएर प्रस्तुत भएको छ।

**निष्कर्ष**

पठनका धेरै प्रकारमध्ये अन्तर्विषयक पठन पनि एउटा महत्त्वपूर्ण प्रकार हो। यस्तो पठनबाट पाठको अन्तर्विषयक सम्बन्ध कस्तो छ भन्ने थाहा पाउन सकिन्छ। साहित्यमा साहित्यभन्दा इतर विषयको प्रविष्टि नै अन्तर्विषयकता हो। ज्ञानविज्ञानका हरेक क्षेत्रमा अन्तर्विषयकताले प्रविष्टि पाइरहेको सन्दर्भमा साहित्यमा पनि अन्तर्विषयकता आउनु स्वाभाविक देखिन्छ। *एक रात* कथामा पनि मनोविज्ञानपरक र राजनीतिपरक अन्तर्विषयकता पाइन्छ। *एक रात* कथामा नेपालको राजनैतिक परिवर्तनमा किशोरको सहादतलाई राजनैतिक अन्तर्विषयक रूपमा उल्लेख गरिएको छ भने किशोरलाई फाँसी दिएपछि तत्कालीन राज्यव्यवस्थाका कर्मचारीको मनमा उत्पन्न हतास मनस्थितिको मनोवैज्ञानिक ढङ्गमा चित्रण गरिएको छ। कमिस्नर, सुबेदार, हवलदार, डाक्टरजस्ता पात्रको मानसिक अवस्था नै कथामा मनोवैज्ञानिक अन्तर्विषयका रूपमा आएको छ। पञ्चायती निरङ्कुश शासनको विरोधमा सशक्तरूपमा लडेको किशोरलाई अन्ततः मृत्युदण्ड दिएको विषयवस्तु नै कथाको मूल विषयवस्तु हो। जुन विषयवस्तु नेपालको इतिहासमा दुर्गानन्द झाजस्ता युवालाई तत्कालीन निरङ्कुश पञ्चायत सरकारले मृत्युदण्ड दिएको घटनासँग पूर्णतया समानान्तर देखिन्छ। यसबाट यो कथालाई नेपालको राजनीतिक इतिहासको विषय अन्तर्घुलन भएको कथा मानिन्छ। इतिहास र राजनीतिको मिश्रणले *एक रात* कथामा बहुल विषयको अन्तर्विषयकता पुष्टि गरेको मात्र छैन अन्तर्विषयकतामा अन्य विषयसँगको सम्बन्धको अपेक्षा हुन्छ भन्ने कुरासमेत प्रस्ट गरेको छ। कथामा अन्तर्विषयहरूको प्रविष्टिले कथालाई सशक्त, पठनीय, विशिष्ट, प्रभावकारी र बहुआयामिकसमेत बनाएका हुन्छन् भन्ने कुरा उपर्युक्त विश्लेषणबाट बुझ्न सकिन्छ। *एक रात* मनोद्वन्द्वमा केन्द्रित कथा हो र यसमा राजनीतिपरक एवम् इतिहासपरक पठनीयता स्पष्टरूपमा देखिन्छ। त्यसैले, अन्तर्विषयकताको दृष्टिकोणबाट कोइरालाको *एक रात* कथालाई विश्लेषण गर्न सकिन्छ भन्ने कुरा प्रस्ट हुन्छ।

**सन्दर्भ सामग्रीसूची**

अधिकारी, ज्ञानु (२०७७). *आधुनिक नेपाली आत्मपरक निबन्धका प्रवृत्ति* (अप्रकाशित अनुसन्धान प्रतिवेदन). काठमाडौँः नेपाल प्रज्ञा प्रतिष्ठान।

एटम, नेत्र (२०७०). *अन्तर्विषयक नेपाली समालोचना.* काठमाडौँः एकता प्रकाशन।

क्लेइन, जुलिया थोम्पसन (सन् १९९१). इन्टरडिसिप्लिनारिटी. अमेरिकाः वायन स्टेट युनिभर्सिटी प्रेस।

कोइराला, विश्वेश्वरप्रसाद (२०६४). *श्वेतभैरवी.*(पाँचौँ संस्क.). ललितपुरः साझा प्रकाशन।

गौतम, लक्ष्मणप्रसाद (२०७०). विश्वेश्वरप्रसाद कोइरालाको कथाको अन्तर्विषयक पठन. *आख्यानकार विश्वेश्वरप्रसाद कोइरालाः पुनर्पाठ* (सम्पा.).भाउपन्थी. काठमाडौः नेपाल प्रज्ञा प्रतिष्ठान।

फ्र्याङ्क, रोबर्टा (सन् १९८८). *इन्टरडिसिप्लिनरीः द फस्ट हाल्फ सेन्चुरी.* अमेरिकाः येल युनिभर्सिटी।

बाउर्लिन, मार्क (सन् १९९७). *लिटररी क्रिटिसिज्मः अन अटोप्सी.* फिलाडेल्फियाः युनिभर्सिटी अफ पेल्सिलभानिया।

मोरान, जोई (सन् २००२). *इन्टरडिसिप्लिनारिटी.* लण्डनः रोलेज टेलर एन्ड फ्रान्सिस ग्रुप